का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ३
- १८ माघ २०७६, शनिबार
- 1 February 2020, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## चीनबाट नेपाली विद्यार्थीको गुहार

# ‘सरकार उद्धार कहिले गर्ने ?’

**वुहानमा रहेका विद्यार्थीले उद्धारको माग गरिरहेका बेला उनीहरूका अभिभावकले पनि सरकारसँग आफ्ना छोराछोरी नेपाल ल्याइदिन आग्रह गरेका छन्**



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ माघ

कोरोना भाइरस चीनको वुहान सहरबाट सुरु भएर विभिन्न देशमा फैलिएको छ। जसकाकारण चीनबाट विभिन्न देशले आ-आफ्ना नागरिकलाई फिर्ता बोलाउँदैछन् भने केही देशहरुले उद्धार कार्यसमेत सुरु गरिसकेका छन्। तर, नेपाली विद्यार्थीहरु अहिले पनि चीन मै फसेका छन्। चीनमा रहेका नेपाली विद्यार्थीहरुले उद्धारका लागि नेपाल सरकारसँग गुहार गरे पनि सरकारले ठोस कदम चाल्न सकेको छैन।

वुहानस्थित ह्वाङ्जुङ यूनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलजी (हस्ट) मा इन्जिनीयरिङमा स्नातकोत्तर गरिरहेका नेपाली विद्यार्थीहरुले आफूहरुलाई जसरी पनि उद्धार गर्न सरकारसँग माग गरेका छन्। आफूहरु शारीरिक रूपमा सुरक्षित रहे पनि आफ्नै कोठावरपर भएका साथीहरू गइसकेको उनीहरुले जनाएका छन्। सुरुमा अमेरिका र फ्रान्सले उनीहरूका नागरिक लग्दा आफूहरुलाई डब्ल्यूएचओको भन्दा उच्च मापदण्ड भएका देशले मात्र उद्धार गरेका हुन् जस्तो लागेको विद्यार्थीहरुले बताए। तर अहिले भारत, बांगलादेश, श्रीलङ्काजस्ता देशले पनि लान थाले पछि आफूहरु चिन्तित बनेको नेपाली विद्यार्थीहरुको भनाई छ।

आफ्नै छात्रावासमा बस्ने अन्य देशका विद्यार्थी स्वदेश फर्केपछि नेपालीहरू चरम मानसिक तनावमा परेका छन्। बेइजिङस्थित नेपाली राजदूतसँग आफूहरुको कुराकानी भएको तर दूतावासले अभिभावकत्व नलिएको विद्यार्थीहरुको गुनासो छ। उनीहरुले आफूहरुलाई चाँडोभन्दा चाँडो नेपालमा लगेर आइसोलेशन गरेर राख्न माग गरेका छन्।

ह्वाङ्जुङ विश्वविद्यालयमा बायोकेमिस्ट्रीमा विद्यावारिधि गर्दै गरेका अन्य विद्यार्थीहरुले आफूहरु तनावमा रहेको बताएका छन्। नेपालका छिमेकी मुलुक र नेपालजस्तै गरिब भनिएका देशले पनि आफ्ना नागरिकलाई उद्धार गर्दा नेपालले बेवास्ता गर्दा आफूहरुमा मानसिक तनाव उत्पन्न भएको विद्यार्थीहरुको भनाई रहेको छ। कोरोना प्रभावित वुहानमा झण्डै १०० जना बाँकी पृष्ठ २ मा

## उद्धार गर्न कांग्रेसको माग



काठमाडौं/मस- नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले चीनको वुहानमा रहेका नेपालीलाई उद्धार गर्न सरकारलाई आग्रह गरेका छन्। सभापति देउवाले शुक्रबार एक विज्ञप्ति जारी गर्दै वुहानमा रहेका नेपाली विद्यार्थीसहित अन्य नेपाललीलाई स्वदेश फर्काउन आग्रह गरेका हुन्। उनले कोरोना भाइरसको संक्रमण फैलदै गएका बेला वुहानबाट नेपालीलाई उद्धार गर्न सरकार गम्भीर नहुनु दःखद रहेको बताएका छन्।

विज्ञप्तिमा भनिएको छ, ‘कयौं देशले चीनको वुहान सहरबाट आफ्ना नागरिकलाई स्वदेश फर्काइसकेको विवरण आएका छन्। तर त्यहाँ रहेका करिब एक सय नेपाली विद्यार्थीसँगै अन्य नेपालीलाई स्वदेश फर्काउन सरकारले कुनै गम्भीरता नदेखाउनु, दुःखद र आपत्तिजनक छ। कोरोना भाइरसको संक्रमणबाट जोगाउँदै वुहानका नेपालीलाई यथाशिघ्र नेपाल ल्याउने प्रबन्ध मिलाउन म सरकारलाई अनुरोध गर्दछु।’

सभापति देउवाले कोरोनाका कारण जीवन गुमाएका सबै चिनियाँ नागरिकको परीवार र चीन सरकारप्रति नेपाली कांग्रेसकातर्फबाट समवेदनासमेत व्यक्त गरेका छन्। सभापति देउवाले भाइरस नियन्त्रणका लागि चीन सरकारले गरिरहेको प्रभावकारी प्रयासको प्रशंसासमेत गरेका छन्।

उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘अन्तर्राष्ट्रिय रुपमा संक्रमण फैलिन सुरु गरेको आजको स्थितिमा विश्व स्वास्थ्य संगठनद्वारा घोषित संकटकाल र संक्रमण सामना गर्न अन्य राष्ट्रले सुरु गरेको सम्पुर्ण सतर्कतासँगै नेपालले राख्नुपर्ने सतर्कता र सरकारले युद्दस्तरमा निर्वाह गर्नुपर्ने कर्तव्यबारे सजग गराउँदै म सार्वजनिक अपिल गर्न चाहान्छु।’

उनले कोरोना भाइरस संक्रमणको जोखिम र पूर्व सतर्कताबारे सरकारले विविध माध्यमबाट नागरिकमा व्यापक सूचना सम्प्रेषण गर्न जरुरी रहेको जनाएका छन्। नेपाल प्रवेशका सबै अन्तर्राष्ट्रिय नाकामा विशेष हेल्थ डेस्क प्रभावकारी ढंगले संचालन गर्न सके कोरोना भाइरसको नेपाल प्रवेशलाई रोक्न सकिने समेत उनले जनाएका छन्।

उनले भनेका छन्, ‘वुहानबाट नेपालीहरुलाई उद्धार गरेर ल्याए पश्चात स्वास्थ्य परिक्षणको प्रतिवेदन आउने निश्चित बाँकी पृष्ठ २ मा

# टिपर कि यमराज ?

**केशर धामी**
काठमाडौं, १७ माघ

शुक्रबार बिहानै दूध बिक्रीका लागि बजार हिँडिरहेकी गोरखाकी मनमाया तामाङको टिपरको ठक्करबाट घटनास्थलमै मृत्यु भयो। गोरखा नगरपालिका-१० अमलापानीकी ५२ वर्षीया तामाङ पैदल हिडिरहेको अवस्थामा ग१ख ८०२७ नम्बरको टिपरले ठक्कर दियो। ठक्करबाट घाइते भएकी उनलाई ब्याक गरेर किचेर मारेको आरोप स्थानीयको छ। उक्त घटनापछि गोरखा अशान्त बनेको छ। आक्रोशित स्थानीयले २६ वटा टिपर र स्क्याभेटरमा तोडफोड र आगजनी गरे।

शुक्रबार नै तनहुँमा टिपरको ठक्करबाट एक महिलाको ज्यान गएको छ। व्यास नगरपालिका-४ बागभञ्ज्याङमा ग.१ख ८६७८ नम्बरको टिपरको ठक्करबाट चितवनको भरतपुर नगरपालिका-६ गीतानगरका ४६ वर्षीया अनिता पाठकको ज्यान गएको हो। उनका श्रीमान् ४९ वर्षीय कृष्ण पाठक घाइते भएका छन्। उनीहरू दुवैजनालाई टिपरको पछाडिको पाङ्गाले किचेको स्थानीयको आरोप छ।

दुई दिनअघि मात्रै १५ माघमा टिपरले सुर्खेतमा एक जनाको ज्यान लियो। कालिकोट महावै गाउँपालिका-३, सिमखेतका केशर सिंह सवार मोटरसाइकललाई पछाडिबाट तीब्र गतिमा रहेको भे१ख २२४२ नम्बरको टिपरले ठक्कर दिएको थियो। सिंहको मृत्युपछि आक्रोशित स्थानीयले टिपर आतंकको विरोध गर्दै सडक नै अवरुद्ध पारेका थिए। अवरुद्ध सडक खुलाउन सुर्खेत प्रहरीले गोलीसमेत चलाएको थियो। प्रहरीको गोली लागेर ८ जना घाइते समेत भए। हाल घाइते सबैको उपचार भइरहेको छ।



**चालु आर्थिक वर्षको अहिलेसम्म टिपरकै कारण काठमाडौं उपत्यकामा मात्र २४३ वटा सवारी दुर्घटना भएका छन्।**

त्यस्तै ९ माघमा कञ्चनपुरको महेन्द्रनगरमा टिपरकै ठक्करबाट एक युवतीको मृत्यु भयो। ज्यान गुमाउनेमा भीमदत्त नगरपालिका-१५, गोबरैयामा बस्ने २० वर्षीया रमिता भट्ट थिइन्। विवाहको कार्ड बाड्दै हिडेकी रमितालाई तीव्र गतिको से१क ८८७ नम्बरको टिपरले पछाडिबाट ठक्कर दिएको थियो। उनको घटनास्थलमै मृत्यु भएको थियो।

यी तीन घटना त प्रतिनिधि घटना हुन्। अचेल दिनहुँ टिपरको ठक्करबाट मानिसहरूले ज्यान गुमाइरहेका छन्। टिपरलाई यमराजको संज्ञा पनि दिन थालिएको छ।

उपत्यकामा समेत टिपकका कारण दुर्घटना बढेको भन्दै सरकारले एक वर्षअघिदेखि चक्रपथभित्र टिपर चलाउनै रोक लगाएको छ। ट्राफिक महाशाखा र जिल्ला प्रशासन कार्यालयले चक्रपथभित्र बिहान ७ देखि बेलुका ८ बजेसम्म टिपर चलाउन रोक लगाएको थियो। त्यसयता उपत्यकामा दिउँसोको समयमा टिपर दुर्घटना घटे पनि रातिको समयमा भने दुर्घटना भइरहेको छ।

टिपर चालकहरूका लापरवाहीका कारण देशभर नै टिपर दुर्घटना बढिरहेको छ। पछिल्लो चार वर्षमा सवारी दुर्घटनाकै कारण देशभर ८ हजार बढीले ज्यान गुमाएका छन्। प्रहरी प्रधान कार्यालयको पछिल्लो तथ्यांकअनुसार देशभर दैनिक साना ठूला गरेर ६० भन्दा बढी सवारी दुर्घटना हुने गरेको पाइएको छ। तथ्यांकअनुसार आर्थिक वर्ष २०७३/७४ मा २ हजार ३ सय ८५ जनाले ज्यान गुमाएका थिए।

त्यस्तै आव २०७४/७५ मा सवारी दुर्घटनामा मर्नेको संख्या ३ सयले बढेर २ हजार ५ सय ४० पुगेको थियो। आर्थिक वर्ष २०७५/७६ मा त्यो संख्या बढेर २ हजार ७ यस ८९ पुगेको थियो। चालू आर्थिक वर्षको पुस मसान्तसम्म ५ सयभन्दा बढीले ज्यान गुमाइसकेका छन्। यसमध्ये अधिकांश ठूलो सवारीसाधन दुर्घटनाका कारण ज्यान गुमाएका छन्।

चालु आर्थिक वर्षको अहिलेसम्म टिपरकै कारण काठमाडौं उपत्यकामा मात्र २४३ वटा सवारी दुर्घटना बाँकी पृष्ठ २ मा

# ‘कमरेड सम्पत्ति विवरण बुझाउनुहोस्’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ माघ

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को केन्द्रीय समिति बैठकमा नेता तथा स्थानीय जनप्रतिनिधिहहरूको सम्पत्ति छानविन गर्न आयोग गठन गर्नुपर्ने माग उठेको छ। केन्द्रीय समितिको शुक्रबारको बैठकमा विभिन्न समूहका टोली नेताहरूले छलफलका निष्कर्ष सुनाउने क्रममा सम्पत्ति छानविन आयोग गठनको माग गरेका हुन्।

बैठकमा शुक्रबार चारवटा समूहका टोली नेताले रिपोर्टिङ गरेका थिए। त्यसक्रममा पारदर्शिता, सम्पत्ति विवरण सार्वजनिक हुनुपर्ने र कतिपयको आवश्यक परे सम्पत्ति छानविननै हुनुपर्ने कुरा आएको हो। समूह ११ का टोली नेता लेखनाथ न्यौपानेले आयोग गठनको प्रस्ताव राखेका थिए।

तीन तहका सरकारका कामको मुल्यांकन हुनुपर्ने र जनप्रतिनिधिको सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कुरा बैठकमा गम्भीर रुपमा उठेको छ। राजकीय पदमा जानेहरुको सम्पत्ति छानविन गर्ने र अवसरहरु न्यायोचित रुपमा वितरण हुनुपर्ने माग केन्द्रीय कमिटी बैठकमा उठेको छ।

**नेकपा केन्द्रिय समिति बैठक**

शुक्रबारको बैठकमा टोली नेताहरु भगवती चौधरी, दिनानाथ शर्मा, लेखनाथ न्यौपाने र कमला रोक्काले आ-आफ्नो समूहमा छलफलका क्रममा आएका सुझाव प्रस्तुत गरेका थिए। प्रायः सबै टोलीबाट एकै खालका सुझाव आएको र अनुशासन आयोगले नसके अर्को आयोग गठन गरेर भने पनि गलत प्रवृतिलाई कारवाही गर्नुपर्ने माग उठेको सुनुवारले बताए।

न्यौपानेले छलफलका सुझाव प्रस्तुत गर्दै पार्टीमा नवधनाड्य वर्गको उदय हुँदै जानु कम्युनिस्ट आन्दोलनका लागि गम्भीर चुनौती भएको बताएका थिए। आधारभूत वर्गबाट पार्टी टाढिदै जाने अवस्था आउनु भनेको पार्टी विघटनतिर जाने भएकाले सम्पत्ति छानविन गर्ने शक्तिशाली आयोग बनाउनुपर्नेमा उनको जोड थियो।

तीन तहका सरकारका कामको मुल्यांकन हुनुपर्ने र जनप्रतिनिधिको सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कुरा बैठकमा गम्भीर रुपमा उठेको हो।

त्यस्तै एमसीसीका सन्दर्भमा भने केन्द्रीय कमिटीमा बहुमत अल्पमतका आधारमा निर्णय गर्नुभन्दा पनि बाँकी पृष्ठ २ मा

# बलात्कार आरोपित एसएसपी निलम्बित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ माघ

नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक सौरभ राणाबारे थुप्रैलाई थाहा थियो। कोशी अञ्चलकी एक महिलासँग उनी अवैध सम्बन्धमा रहेको नेपाल प्रहरीभित्र धेरैलाई थाहा भए पनि सबै चुपचाप थिए। अन्ततः लामो समय अन्तरंग सम्बन्ध भएकी महिलाले उनलाई बलात्कारको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय सुनसरीमा जाहेरी दिइन्। जाहेरी परेसँगै सौरभ प्रहरी सेवाबाट निलम्वित भएका छन्।

०४९ सालमा निरिक्षक (इन्सपेक्टर) पदमा भर्ना भएर सौरभले प्रहरी सेवामा प्रवेश गरेका थिए। सौरभविरुद्ध जाहेरी परेसँगै पक्राउ गर्ने अनुमति पाएको प्रहरीले आइतबारसम्म पक्राउ गर्ने तयारी थालेको छ।

सौरभ डिएसपी भएपछि झापा सरुवा भएका थिए। त्यहीँ उनको ती महिलासँग भेट भएको थियो। त्यसबेलैदेखि उनीहरूबीच अन्तरंग सम्बन्ध बनेको थियो। एसपीमा बढुवा भएपछि सौरभ सुनसरी जिल्लाका इन्चार्ज भएका थिए। त्यहाँ रहँदा पनि उनले ती महिलासँगको सम्बन्धलाई निरन्तरता दिएका थिए। उनी घुमिफिरी मेचीकोशीकै कार्यालयतिर सरुवा हुन्थ्ये। र उतै रमाउँथे। सौरभ एकताका जुन कार्यालयको इन्चार्जको रुपमा हाईफाई गर्थे सोही प्रहरी कार्यालयमा उनकी अन्तरंग महिला मित्रले बलात्कारको दावी गर्दै जाहेरी दिएकी हुन्।



**ती महिलासँग घनिष्ठताको खबर सौरभकी पत्नीसम्म पनि पुगेको थियो।**

ती महिलासँग घनिष्ठताको खबर सौरभकी पत्नीसम्म पनि पुगेको थियो। पत्नीले सौरभ र ती महिलालाई अन्तरंग सम्बन्ध नराख्न सम्झाई बुझाई गरेको सुनसरीका एक प्रहरीले बताए। पत्नीले सम्झाईबुझाई गरेपछि पनि उनीहरुबीचको घनिष्ठता घटेको थिएन। तर, पछि सम्बन्धमा दरार आयो। सम्बन्ध तिक्त बन्दै जाँदा उनीहरुको मित्रता मात्र टुटेको थियो। र महिलाले बलात्कारको जाहेरी दिइन्। ती महिलाले गत साउनमा सौरभले बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारीमा पनि कोरोनाको चिन्ता



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ माघ

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले चीनबाट फैलिएको नयाँ कोरोना भाइरसबारे पूरै विश्व सावधान हुनुपर्ने चेतावनी दिएसँगै बसोवास तथा खानपानका दृष्टिले जोखिमपूर्ण अवस्थामा रहने वैदेशिक रोजगारीमा गएका कामदारको स्वास्थ्य बारे चिन्ता उत्पन्न भएको छ।

चीनको वुहान राज्यबाट शुरु भएको कोरोना भाइरसबाट बिहीबारसम्म २ सय १३ जनाको मृत्यु भएको छ भने ८ हजार १ सयभन्दा बढी संक्रमित भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन्। यो रोगबाट चीन पुरै प्रभावित भएको छ भने नेपाल र भारत सहित दक्षिणपूर्वी एशिया पनि यो भाइरसको चपेटामा परेको छ।

मलेसियाको ट्रेड युनियन कंग्रेसले रोजगारदाताहरुलाई कामदारहरुप्रति लचिलो व्यवहार अपनाउन माग गरेको छ। मलेसियाको ट्रेड युनियन कंग्रेसका अध्यक्ष दातुक अब्दुल हालिम मन्सुरले उत्पादन बढाउने चाहना स्वभाविक भएपनि रोजगारदाताहरुले कामदारहरुको स्वास्थ्य र सुरक्षामा पूर्णतः ध्यान दिनुपर्ने बताए। उनले संक्रमणको बढ्दो क्रमलाई ध्यानमा राख्दै कामदारहरुको वार्षिक बिदा समायोजन गरी बिदा दिन माग गरेका छन्। मलेसियामा चीनबाट आउने पर्यटकहरु रहने होटल लगायतका क्षेत्र र अस्पतालमा काम गर्ने आप्रवासी कामदार भाइरसबाट संक्रमित हुने आशंका रहेको छ।

विश्व स्वास्थ्य संगठनले बिहीबार अबेर भाइरसले विश्वव्यापी रुपमा आपतकालीन अवस्था निम्त्याएको हो कि होइन भनी एकिन बैठक डाकेको थियो। चीनसँगै हालसम्म १६ देशमा भाइरसको संक्रमण पाइएपनि संक्रमणको कुनै स्पष्ट उपचार वा खोप नभएका कारण विश्वापी चिन्ता बढेको छ।

**वैदेशिक रोजगार विशेष**

## दुई युवतीको उद्धार

झापा/रासस- नेपाल प्रहरीले वैदेशिक रोजगारको प्रलोभन देखाई भारततर्फ लैजाँदै गरिएका दुई युवतीलाई पूर्वी नाका काँकडभिट्टाबाट उद्धार गरेको छ। साथै मानव बेचबिखनको अभियोगमा एक जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा दोलखा तामाकोशी गाउँपालिका-४ घर भएका २१ वर्षीय सुदीपबाबु पोखरेल रहेको इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेलले जानकारी दिए। पोखरेललाई मानव बेचबिखन तथा ओसारपसारको मुद्दा चलाई अनुसन्धान भइरहेको उनले जानकारी दिए।

अभियुक्तले काभ्रेपलाञ्चोक घर भएका १६ र २२ वर्षीया युवतीलाई भारतमा रु २२ हजारको जागिर लगाइदिने प्रलोभन देखाई लैजाँदा गरेको अवस्थामा बिहीबार काँकडभिट्टाबाट साना हातहरु नेपाल नामक संस्था र प्रहरीले संयुक्तरुपमा उद्धार गरेका थिए। उद्धार गरिएका युवतीलाई संस्थाको संरक्षणगृहमा राखिएको छ।

सुरक्षित मातृत्व
सुरक्षित आधार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ‘सरकार पूर्ण असफल’




**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकार पूर्ण रुपमा असफल भएको बताएको छ । पार्टीको केन्द्रीय कार्यसमिति बैठकमा अध्यक्ष कमल थापाले प्रस्तुत गरेको राजनीतिक कार्यपत्रमा नेकपा नेतृत्वको सरकार पूर्ण रुपमा असफल भएको ठहर गरेको हो ।

देश आर्थिक विकास र समृद्धिको बाटोमा अग्रसर हुने अशा गरिएपनि सरकारले जनताको अपेक्षा अनुसार काम गर्न नसकेको अध्यक्ष थापाद्वारा प्रस्तुत प्रतिवेदनमा भनिएको छ । पूर्वाधार विकासका क्षेत्रमा केही कामहरु भएपनि लगानी प्रवर्द्धन, रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, व्यापारघाटा न्यूनिकरण तथा शिक्षा र स्वास्थ्यको क्षेत्रमा सरकार असफल भएको थापाले बताए । थापाले राजसंस्था पाखा लगाएर सुरु गरिएको १४ वर्षको राजनीतिक अभ्यासले देश झन संकटग्रस्त भएको बताएका छन् ।

व्यापारी, कर्मचारी, राजनीतिक नेताहरुले गठबन्धन नै बनाएर देशमा भ्रष्टाचारको संजाल बनेको उनले बताए । तलदेखि माथिसम्म हुने सेटिङको दवाव र प्रभावले आर्थिक स्वार्थ पुरा गर्न कानूनी बाधा भए कानून नै परिवर्तन गर्ने र भ्रष्टाचारको कारवाही छल्न नीतिगत निर्णयको बाहनामा सार्वजनिक खरिद बिक्रिाका विषयर्लाइ मन्त्रिपरिषद्बाट निर्णय गरेर लुट प्रवृति हावी भएको उनले बताए ।

‘कम्युनिस्ट नेतृत्वको वर्तमान सरकारले जनताको अपेक्षाअनुरूप काम गर्न सकेन । राज्य सञ्चालनको हरेक पक्षमा सरकार असफल प्रमाणित भएको छ । देश र जनताको विश्वास जित्ने गरी सरकारले सकारात्मक परिवर्तनको अनुभूति दिन सकेको छैन,’ समसामयिक राजनीति र भावी कार्यदिशा शीर्षकमा पेस भएको कार्यत्रपमा भनिएको छ, ‘पूर्वाधार विकासको क्षेत्रमा केही कार्यहरू भए पनि आर्थिक समृद्धिको निमित्त अनिवार्य सर्तका रूपमा रहने लगानी प्रवर्द्धन, रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, व्यापार घाटाको न्यूनीकरण, शिक्षा र स्वास्थ्यको गुणस्तर अभिवृद्धि गर्ने सन्दर्भमा सरकार पूरै असफल भएको छ ।’

राप्रपाले देशमा इशाईकरण डरलाग्दो रुपमा बढेको बताएको छ । अपरिपक्व, दिशाहिन र गलत आर्थिक नीतिका कारण देशमा स्वदेशी र विदेशी लगानी भित्रिन नसकेको, सञ्चारमाध्यम र सामाजिक संजाललाई नियन्त्रण गरी सर्वसत्तावादको संकेत देखिएको थापाले प्रस्तुत गर्नुभएको प्रतिवेदनमा उल्लेख छ। चुनाव जित्न, सत्तामा पुग्न र टिकीरहन विदेशी शक्तिहरुको प्रभाव र हस्तक्षेत्रप बढेको र राजनीतिक दलहरुमा वैचारिक विचलन देखिएको राप्रपाले जनाएको छ ।

समान विचारधारा मिल्ने दलहरुसँग एकता र सहकार्यको बाटो खुला रहेको जनाउँदै राप्रपाले समाज, राजनीति र व्यवस्था बदल्ने संकल्पसहित निरन्तर अगाढी बढ्ने बताएको छ । आगामी महाधिवेशनबाट पार्टीम महत्वपूर्ण परिवर्तन हुने संकेत पनि उक्त पार्टीले गरेको छ । राप्रपाले हिन्दुराष्ट्र पुर्नस्थापना भ्रष्टाचार नियन्त्रण लगायतका माग राखेर देशव्यापी जनसंघर्ष सुरु गर्ने पनि जनाएको छ । शनिबार पनि चल्ने केन्द्रीय कार्यसमिति बैठकमा महाधिवेशनको तयारी, सचिवालयको प्रतिवेदन, आर्थिक प्रतिवेदन, आगामी कार्यक्रम लगायतका विषयमा छलफल हुने बताइएको छ ।

# सशस्त्र प्रहरीको जग्गा अतिक्रमणमा

**सन्तोष शर्मा/रासस**
झापा, १७ माघ

झापाको कमल गाउँपालिका-५ स्थित सशस्त्र प्रहरीको पाथिभरा जवान तालीम शिक्षालयको जग्गा अतिक्रमणको चपेटामा परेको छ । शिक्षालयको १५० बिघामध्ये ८७ बिघा जग्गा अतिक्रमणको चपेटामा परेको हो । शिक्षालयका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुदिपजङग थापाले विभिन्न व्यक्तिले सुकुम्वासीका नाममा जग्गा हड्प्न खोजेको बताए ।

मेची अञ्चलमा शान्ति सुरक्षा कायम गर्न विसं २०४८ माघ ३० गते मन्त्रिपरिषद्को निर्णयबाट रतुवामाई वृक्षरोपण आयोजनाको दुई हजार ८०० हेक्टर जग्गामध्ये १०० हेक्टर जग्गा तत्कालीन पाथिभरा गणलाई भोगाधिकार दिइएको थियो । उक्त गण हटेपछि सो स्थानमा विसं २०७५ माघ २७ गते प्रदेश नं १ कै सशस्त्र प्रहरीको तालीम केन्द्र बनाइएको थियो ।

सशस्त्रलाई दिएको जग्गामध्ये प्रस्तावित आदिवासी जनजाति रङ्गशालाका लागि ३३ बिघा जग्गा छुट्याइएको प्रमुख थापाले बताए । सशस्त्र प्रहरीको भोगाधिकारभित्रको जग्गा भएकाले संरक्षण गर्नु आफ्नो कर्तव्य भएको थापाले बताए । ‘यो जग्गा सरकारको हो, भोलि सरकारले अन्य प्रयोजनका लागि पनि प्रयोग गर्नसक्छ,’ उनले भने, ‘सशस्त्रलाई दिएको जग्गा रङ्गशालाका लागि प्रयोग गरियो, त्यस्तै अन्य प्रयोजनका लागि सरकारले सो जग्गा प्रयोग गर्नसक्छ, त्यसका लागि संरक्षण गर्न आवश्यक छ ।’

माथिल्लो निकायसँग छलफल गरेर जग्गा खाली गराउन आफू लागिरेको उनको भनाइ छ । मौखिक सहमतिका आधारमा सशस्त्रको प्रयोगविहीन जग्गा शुरुमा खेती प्रयोजनका लागि दिइएको थियो । पछि पशुचौपायाका लागि भनेर टहरा निर्माण गरियो । त्यसयता कच्ची घर निर्माण गरेर करीब ४५ परिवार बस्दै आएका छन् । खेती गर्न मात्र दिइएको जग्गामा घर टहरा निर्माण भएपछि समस्या सिर्जना भएको हो ।

गत पुस मसान्तयता सशस्त्र प्रहरीले करीब ५० टहरा भत्काएको छ । ‘मानिस बस्नेबाहेक गोठ र टहरा भत्काएका छौं,’ प्रमुख थापाले भने, ‘मानवीय संवेदनशीलताको ख्याल गर्दै सेल्टर लिएर बसेका मानिसको घर भत्काएका छैनौं, घर हटाएर जग्गा खाली गर्न भनेका छौं ।’ जग्गा खाली नगरे बल प्रयोग गरेर भए पनि जग्गा खाली गर्ने उनको भनाइ छ ।

जग्गा भोगचलन गर्दै आएकालाई गत जेठमा जग्गा खाली गर्न भने पनि उनीहरुले कमल गाउँपालिका-५ को वडा कार्यालयमा जेठ २५ गते धानको बीउ राखिसकेकाले ‘सहमति गराइ पाउँ’ भन्दै निवेदन दिएका थिए । सोही निवेदनका आधारमा गाउँपालिका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटी र वडाध्यक्ष डम्बरबहादुर निरौलाको रोहवरमा पुस मसान्तसम्मको समय थप थरिएको थियो । सहमतिपत्रमा तोकिएको समयमा जग्गा खाली नगरे ‘प्रचलित कानून बमोजिम सहुँला भोगौला’ भन्ने उल्लेख छ ।

सोही जग्गा आफ्नो भएको भन्दै अर्जुनधारा-३ का गोपीकृष्ण पोखरेलले तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमि सुधार तथा व्यवस्थापन विभाग, मालपोत कार्यालय दमक, साविक लखनपुर-१ स्थित सशस्त्र पाथीभरा गणलाई विपक्षी बनाएर सर्वोच्चमा मुद्दा हालेका छन् । पोखरेलले आफूले मुद्दा जितिसकेको भन्दै त्यहाँ बासोवास गर्नेलाई ठाउँ खाली नगर्न भनिरहेकाले ठाउँ छोड्न राजी भएका पनि अटेर गरेर बसिरहेका छन् ।

यता, कमल-५ का वडाध्यक्ष निरौलाले उक्त जग्गा सशस्त्र प्रहरीकै भएको जनाए । उनले उक्त जग्गामा बस्न दिने/नदिने अधिकार सशस्त्र प्रहरीकै भएकाले वडा कार्यालयले त्यसमा हस्तक्षेप नगर्ने बताए । सो जग्गामा पाँचथर, भोजपुर, तेह्रथुम, झापालगायतका विभिन्न स्थानबाट मानिस आएर खेती र बसोवास गर्दै आएका छन् ।

# अन्तर्राष्ट्रिय मेयर सम्मेलन हुँदै




**काठमाडौं/मस-** उपत्यका नगरपालिका फोरम काठमाडौंले ‘अन्तर्राष्ट्रिय मेयर सम्मेलन २०२०’ आयोजना गर्ने भएको छ । शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गरी उपत्यका नगरपालिका फोरम काठमाडौंका अध्यक्ष तथा काठमाडौं महानगरपालिकाका प्रमुख (मेयर) विद्यासुन्दर शाक्यले आगामी वर्ष २०७७ असोज २१ देखि २४ गते सम्म ‘अन्तर्राष्ट्रिय मेयर सम्मेलन २०२०’ काठमाडौंमा आयोजना गर्न लागिएको जानकारी दिए ।

मेयर शाक्यले सम्मेलनमा विभिन्न देशका नगरपालिका प्रमुखहरुको सहभागिता रहने समेत बताए । उनले ‘नेपाल भ्रमण वर्ष २०२०’ को लक्ष्य प्राप्त गर्न सम्मेलनले सहयोग पुऱ्याउने समेत बताए । मेयर शाक्यले ‘ऐतिहासिक शहर/नगरहरुको दिगो रुपान्तरण’ मूलमन्त्र सहित आयोजना गर्न लागिएको सम्मेलनले विभिन्न देशका नगरपालिकाहरुबीच सम्बन्ध स्थापना गर्ने, आर्थिक विकासका अनुभवहरुको आदानप्रदान गर्ने, पर्यावरणीय मुद्दाबारे समान धारणा बनाउने, समाजिक सांस्कृतिक तथा आर्थिक क्षेत्रमा सहयात्राका सम्भाव्यताहरु पहिल्याउने र आपसी सम्मान र विश्वास अभिवृद्धि गर्ने लक्ष्य लिएको बताए ।

मेयर शाक्यले सम्मेलनमा मेयर तथा विज्ञहरुबाट कार्यपत्र प्रस्तुत गरिने र गहन विचारविमर्श गराइने बताए ।

# छोरी बलात्कार गर्ने बाबुलाई जन्मकैद

**अर्घाखाँची/मस-** जिल्ला अदालतले नौ वर्षीया छोरीलाई जबर्जस्ती बलात्कार गर्ने बाबुलाई जन्मकैदको फैसला सुनाएको छ। अर्घाखाँची जिल्ला शीतगङ्गा नगरपालिका-४ का एक व्यक्तिले आफ्नै छोरीलाई जबर्जस्ती करणी तथा हाडनाता करुणी गरेको अभियोगमा सो फैसला गरेको हो । जिल्ला न्यायाधीश वासुदेव न्यौपानेको इजलासबाट जन्मकैदको फैसला भएको निमित्त श्रेस्तेदार नारायणबहादुर भट्टराईले बिहीबार जानकारी दिए।

गत साउन २ गते जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता भएको थियो। दश वर्षभन्दा कम उमेरका बालबालिकालाई जबर्जस्ती करणी गरेमा कानूनअनुसार जन्मकैदको फैसला सुनाइएको जिल्ला अदालतका श्रेस्तेदार टेकराज गैरेले बताए। त्यस्तै अदालतले सन्धिखर्कको डिभर्नामा पाँच वर्षीया नातिनीलाई बलात्कार गर्ने हजुरबुबालाई २० वर्ष कैद र रु ४० हजार जरिवानाको फैसला गरेको उनले जानकारी दिए ।

## श्रीमतीले धकेल्दा श्रीमानको मृत्यु

**बागलुङ/मस-** बागलुङको तमानखोला गाउँपालिका-१ बिसोकमा श्रीमतीले धकेलेर ठोकिँदा चोट लागेर श्रीमान्को मृत्यु भएको छ। सामान्य घरायसी विवादमा उनीहरुबीच कुटाकुट नै भएको स्थानीयवासीले बताएका छन् । श्रीमती भने गम्भीर घाइते भएकी छिन् ।

माघ १६ गते घरायासी विवादको क्रममा ६४ वर्षीय रविलाल विकले ६० वर्षीया श्रीमती जमुना विकलाई कुटेका थिए । कुटपीटको क्रममा श्रीमती जमुना विकले धकेल्दा टाउँकोमा चोट लागेर रविलाल घाइते भएको प्रहरीले जनाएको छ । टाउकोमा गम्भीर चोट लागेका विकको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

श्रीमान श्रीमतीबीच सधैंजसो सामान्य विषयमा पनि भनाभन हुने गरेको र बिहीबार रविलालले कुटपिट गरेपछि जमुनाले धकेल्दा घरको भित्तामा ठोक्किँएर मृत्यु भएको भन्दै स्थानीयवासीले शुक्रबार बिहान प्रहरीचौकी बोङगादोभानमा खबर गरेका थिए ।

## दुर्घटनामा दुईको मृत्यु

**रुपन्देही/मस-** रुपन्देहीको सैनामैना नगरपालिका-८ स्थित रामापुरमा शुक्रबार भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । पश्चिमबाट बुटवलतर्फ आइरहेको लु ४२ प ७०९६ नं को मोटरसाइकल अनियन्त्रित भई लु ४२ प ७४७२ नं को स्कुटीमा ठोक्किँदा सैनामैना-७ स्थित बयरकट्टीका मोटरसाइकल चालक २० वर्षीय सुदिप चौधरी र २० वर्षीय नवीन चौधरीको मृत्यु भएको इलाका प्रहरी कार्यालय, बुटवलका प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले जानकारी दिए ।

मृत्यु भएका दुवै लु ४२ प ७०४६ नं को मोटरसाइकलमा सवार थिए। उनका अनुसार सोही मोटरसाइकलमा सवार १६ वर्षीय सन्तराम चौधरी गम्भीर घाइते भएकाले उनको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । त्यस्तै स्कुटीमा सवार तुलबहादुर गुरुङ, सूर्यबहादुर पुन, पैदलयात्री सावित्रा न्यौपाने र सैनामैना- ८ का चन्द्रबहादुर क्षेत्री सामान्य घाइते भएका प्रहरीले जनाएको छ ।

# आरोपपत्र दायर




**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेवाग्राहीसँग घुस लिएको आरोपमा भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) का खरिदार नेत्रबहादुर चौधरीविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

मोही जग्गा बाँडफाँट गरिदिने प्रयोजनका लागि विभिन्न बहाना बनाई निजले सेवाग्राहीसँग रु ४० हजार घुस लिएको आयोगले आरोप लगाएको छ । सेवाग्राहीसँग पटकपटक घुस मागिरहेको भन्ने सूचनाका आधारमा आयोगको बुटवलस्थित कार्यालयबाट खटिएको टोलीले निजलाई घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

यस्तै आयोगले मोटरसाइकल चालकसँग रु दुई हजार घुस लिएको अवस्थामा पक्राउ परेका महानगरीय ट्राफिक प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी जवान लोगबहादुर खड्काविरुद्ध पनि शुक्रबार नै विशेष अदालतमा मुद्दा दायर गरेको छ । खड्काले ड्युटीमा खटिएका बेला कुनै पनि गल्ती नगरेको अवस्थामा सेवाग्राहीसँग सवारी चालक अनुमतिपत्र मागी कुनै चिट नदिई मिलाउनुस् भनी घुस लिएको आयोगले आरोप लगाएको छ ।

## उद्धार...

अवधिभर अलग्गै राख्ने शिविरको प्रवन्ध गर्न सरकारले तत्काल कार्य सुरु गर्नुपर्ने आवश्यकता म औंल्याउन चाहन्छु । संक्रमण परीक्षणका लागि राजधानीमा अलग्गै केन्द्र तत्काल स्थापना गर्नुपर्ने अनिवार्य आवश्यकता छ । यसलाई गम्भीरतापुर्वक लिएर गम्भीरताकासाथ कार्य गर्न म सरकारलाई सचेत गराउन चाहन्छु ।’

## चीनबाट...

नेपाली रहेका छन् । ती विद्यार्थीहरु मध्ये अधिकांशलाई अहिले अरुचि, अनिद्रा र पेटको समस्या समस्या देखिएको डा.गौरव पोखरेले अन्तर ाष्ट्रिय सञ्चार माध्यमहरुलाई जनाएका छन् ।

यसैबीच, वुहानमा रहेका विद्यार्थीले उद्धारको माग गरिरहेका बेला उनीहरूका अभिभावकले पनि सरकारसँग आफ्ना छोराछोरी नेपाल ल्याइदिन आग्रह गरेका छन् । अभिभावक दिनेश श्रेष्ठले आफ्ना छोराछोरी अहिले ‘वरिपरि आगो लागेको स्थानमा बीचमा परेको जस्तो’ महसुस भएको बताए। श्रेष्ठले आफ्ना बच्चालाई जसरी पनि उद्धार गर्न सरकारसँग माग गरे ।

यता, चीनस्थित नेपाली दूतावासले चाहिँ वुहानसहित अन्य सहरमा रहेका नेपालीहरूको सम्पर्कमा आफू रहेको बताउँदै आएको छ। हालसम्म नेपालीहरूमा संक्रमण नदेखिएको र उनीहरू सुरक्षित रहेको दूतावासको भनाइ रहेको छ । चीन सरकारसँग सहकार्यमा काम भइरहेकाले अहिले आत्तिनुपर्ने अवस्था नरहेको भन्दै दूतावासले धैर्य गरेर बस्न विद्यार्थीहरूलाई आग्रह गरेको छ । स्वास्थ्यमन्त्री भानुभक्त ढकाल र मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले वुहानका नेपालीको परिस्थिति र उद्धारको आग्रहबारे कुनै प्रतिक्रिया दिएका छैनन् ।

## कमरेड...

विज्ञहरुसहितको कार्यदल बनाएर पार्टीको एउटै धारणा लैजानुपर्ने सुझाव प्रस्तुत भएको सुनुवारले बताए । उनले एमसीसीलाई धेरै विवादित नबनाई पार्टीले जिम्मेवार ढंगले निकाल्नुपर्ने सुझाव नै आएको जानकारी दिए ।

समूहगत छलफलबाट पार्टीको आचारसंहिता सचिवालय तहकै नेताबाट लागु हुनुपर्ने सुझाव प्रस्तुत भएको अर्का केन्द्रीय सदस्य विष्णु रिजालले जानकारी दिए । छलफलका निष्कर्ष प्रस्तुत गर्ने क्रममा स्थायी कमिटी सदस्य दिनानाथ शर्माले नेताहरुले कुनै विषयमा बोल्नुअघि पार्टी बैठकबाट धारणा बनाउनुपर्ने बताएका थिए ।

## टिपर...

भएका छन् । ती दुर्घटनामा तीन जनाको मृत्यु भएको छ। दुई जना गम्भीर घाइते भएका छन् भने ७४ जना सामान्य घाइते छन्। गत वर्ष टिपरकै कारण ४३६ वटा दुर्घटना भएका थिए । जसमा २३ जनाले ज्यान गुमाएका थिए ।

ट्राफिक महाशाखाका प्रहरी उपरीक्षक एसपी जीवन श्रेष्ठले टिपरको आतंक रोक्न ट्राफिक प्रहरी सक्रिय रहेको बताए । तर, ट्राफिक प्रहरीमा रहेर लामो समय अनुभव गरेका पूर्वप्रहरी निरीक्षक सीताराम हाछेथू भने टिपरको बनावट नै ज्यानमारा रहेको बताउँछन् ।

‘टिपरको बनावट नै ज्यानमारा तरिकाले बनेको छ । त्यसमा चालकको लापरवाही पनि त्यति नै हुन्छ,’ हाछेथूले भने, ‘अन्य ठूला सवारीसाधनले मान्छेलाई ठक्कर दिँदा उछिट्टिएर जान्छन् तर टिपरले चक्कामा बेरेर मार्छ ।’ टिपरको अगाडिको भाग र चक्का नै ठूलो बनावटका कारण टिपरसँगको दुर्घटना हुँदा अधिकांशको ज्यान जाने गरेको उनको भनाइ छ ।

## बलात्कार ..

इटहरीको एक होटलमा लगेर बलात्कार गरेको जाहेरीमा उल्लेख गरेकी छन् । उजूरी दिने महिला पनि विवाहित नै भएको प्रहरी स्रोतले जनाएको छ ।

ती महिलाले पहिले प्रहरी प्रधान कार्यालयमा उजुरी दिएकी थिइन् । तर, उनीहरुको घनिष्ठता देखेकाले प्रधान कार्यालयले गम्भीरता साथ लिएके थिएन् । त्यसपछि ती महिला गृहमन्त्री रामबहादुर थापा वादल कहाँ गएकी थिइन् । गृहमन्त्रीलाई भेटेपछि उनले जिल्ला प्रहरी कार्यालय सुनसरीमा जाहेरी दिएकी हुन् । गृहमन्त्रीको एक्सनपछि उनी निलम्बनमा परेका हुन् ।

## भूल सुधार

मिति २०७६/१०/१७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा रोजगार शिर्षक कम्पनी नं ४ को विज्ञापनमा कम्पनी : Al Sanaa Cleaning Hospitality, र LT. No.: 232024 र चलानी नं.: ६०१५०८८६ हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

New Light International Pvt. Ltd.
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 4380173, 4384185


## Romania मा रोजगार

कम्पनी: WORKERS4U ASIA S.R.L.
शहर: ROMANIA

पूर्व स्वीकृत मिति: २०७६/१०/१० | चलानी नं.: ६०१५०५२६ | L.T. No.: 231756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welders | 10 | 0 | स. काममा दक्ष | 550 | ६२,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenters | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |
| 3. | Mason | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |
| 4. | Scaff Folder | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |
| 5. | Continental Cook | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |
| 6. | Painters | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |
| 7. | Waiters | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |
| 8. | Waitress | 0 | 10 | | 550 | ६२,३३५ | | | | | | | |
| 9. | Cleaners | 10 | 10 | | 550 | ६२,३३५ | | | | | | | |
| 10. | Agriculture Workers | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |
| 11. | Factory Worker | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |
| 12. | Tile Settlers | 10 | 0 | | 550 | ६२,३३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २५ गते (8 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TINJURE EMPLOYMENT SERVICES PVT. LTD.
श्रम इजाजत नं. १०१०/०६८/०६९
Maharajgunj-3, Chakrapath, Kathmandu, Tel : 01-4374253, 4374198, Fax : 01-4374253
Email: info@tinjuremanpower.com/ tinjure1010@gmail.com/ Web: tinjuremanpower.com

## UAE मा रोजगार

कम्पनी : CLEANPRO CLEANING SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७६/१०/१७ | चलानी नं.: ६०१५०९४३ | L.T. No.: 232023

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 71 | 0 | स. काममा दक्ष | 800 | २४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता लण्डन होटल, इटहरी, सुनसरीमा माघ २५ र २६ गते (8 & 9 Feb. 2020) मा मेनपावर कार्यालय काठमाडौंमा माघ २७ र २८ गते (10 & 11 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Growth Process International Employment Pvt. Ltd.
श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 4383347, Fax: 4383347
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

## SAUDI मा रोजगार

Company : MOHAMMED HASSAN ALMUZAIN & PARTNER CO.
City : RIYADH

पूर्व स्वीकृत मिति: २०७६/१०/१७ | चलानी नं.: ६०१५०९४० | LT. No.: 231955

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Road Equipment Driver | 1 | 0 | | 1800 | ५४,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २६ गते (9 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोन: ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

## ललिता निवास जग्गा प्रकरण
# छानविन प्रतिवेदन बुझाइयो

**काठमाडौं/मस-** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले ललिता निवास क्याम्पभित्रको सरकारी जग्गा हिनामिना सम्बन्धी छानविन प्रतिवेदन सरकारलाई बुझाएको छ। काठमाडौं महानगरपालिका-४ बालुवाटारस्थित ललिता निवास भित्रको सरकारी जग्गाको हिनामिनाको अनुसन्धान गर्न सरकारले सीआईबीलाई जिम्मेवारी दिइएको थियो ।



मन्त्रिपरिषद्को २८ फागुन २०७५ मा बसेको बैठकले सीआईबीलाई अनुसन्धान गर्न दिने निर्णय गरेको थियो । प्रहरी प्रधान कार्यालय मार्फत शुक्रबार गृहमन्त्रालयलाई प्रतिवेदन बुझाइएको सीआईबीका प्रवक्ता, एसपी बेलवहादुर पाण्डेले जानकारी दिए । ललितानिवास जग्गा प्रकरणमा राजनीतिक नेतृत्वदेखि पूर्वप्रशासकहरू मुछिएका थिए ।

चरणबद्ध रूपमा सरकारी कर्मचारीलाई प्रलोभनमा पारेर ललिता निवासको करीब ११४ रोपनी सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भेटिएको सीआईबीले जनाएको छ ।

शुरूमा राणा परिवारले मालपोतका कर्मचारीहरूलाई मिलाएर जग्गा हात पारेको, नक्कली मोही खडा गरिएको र पछिल्लो चरणमा प्रधानमन्त्री निवासका नाममा समेत जग्गा हिनामिना गरिएको सीआईबीका निष्कर्ष छ । बालुवाटारको करीब ११४ रोपनी सरकारी जग्गा २०४९ सालपछि निरन्तर अतिक्रमण हुँदै आएको थियो ।

सिआइबीले क-कसलाई कारबाही गर्नुपर्ने प्रतिवेदन दिएको छ ? भन्नेबारे अहिलेसम्म सार्वजनिक भएको छैन ।

पञ्चायतकालमा सरकारले सुवर्णसमशेरलाई राजद्रोहको अभियोग लगाएर उनको नाममा भएको ललितानिवासको १४ रोपनी जग्गा जफत गरेको थियो । ललिता निवासको बाँकी २८५ रोपनी जग्गा सरकारले २०२१ सालमा अधिग्रहरण गरेको थियो ।

बहुदल आएपछि २०४७ सालमा राणा परिवारले जफत गरिएका आफ्ना जग्गा फिर्ता गर्न सरकारसँग माग गरेका थिए । कृष्णप्रसाद भट्टराई सरकारले जफत गरेको जग्गा छानबिन गरेर फिर्ता गर्ने निर्णय गरेको थियो ।

मालपोत कार्यालयले भने छानबिन नगरी सोझै त्यही निर्णयका आधारमा १ सय १३ रोपनी जग्गा सुवर्णशमसेरका हकवालाको नाममा सारेको थियो । यसरी जग्गा नामसारी खडा गरिएको मिसिलको सक्कल नै नभेटिएको समितिको ठहर छ ।

ललिता निवासको जग्गा व्यक्तिको नाममा गर्ने प्रकरणको सुरूआतमा शोभाकान्त ढकाल र रामप्रसाद सुवेदी कतिपय राणा र मोहीका वारेस बनेका छन् । वारेसबाट उनीहरूले बालुवाटारको जग्गा आफ्नो नाममा ल्याए । अहिलेपनि बालुवाटारको १४ रोपनी जग्गा ढकाल र सुवेदीको नाममा छ । उनीहरूले बालुवाटारको जग्गा हत्याउन भाटभटेनी सुपरमार्केटका सञ्चालक मिनबहादुर गुरूङसँग पनि मिलेमतो गरेको देखिन्छ । गुरूङ र उनका परिवारको नाममा पनि त्यहाँको १४ रोपनी जग्गा छ। भाटभटेनी सुपरमार्केटको गोदाम पनि त्यही जग्गामा छ। अख्तियारले उनको परिवारलाई समेत बयानमा बोलाएको थियो ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव विष्णु पौडेललाई पनि ढकाल र सुवेदीले जग्गा उपलब्ध गराएका थिए । २०६१ सालमा ढकालकी पत्नी उमा र सुवेदीकी पत्नी माधवीले विष्णु पौडेललाई ८ आना जग्गा दिएका थिए ।

## भ्रमण वर्ष सफल पार्न सरकार प्रतिबद्ध : पूर्वमन्त्री पण्डित

**राजन बस्नेत/मध्यान्ह**
काठमाडौं १७ माघ

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य लालबाबु पण्डितले भ्रमण वर्ष २०२० लाई सरकारले प्राथमिकताका साथ अगाडि बढाएको बताएका छन् । पूर्वमन्त्री पण्डितले नेपाल भ्रमण वर्ष २०२० लाई सफल तुल्याउनको लागि विभिन्न सरोकारवाला निकाय आ-आफ्नो ठाउँबाट लागिपर्नु पर्ने धारणा राखे ।




शुक्रबार दोलखा जिल्लाको भीमेश्वर नगरपालिका वडा नम्बर-२ स्थित प्रेम पूर्णप्रताप फाउण्डेशन नेपालले राजधानीमा आयोजना गरेको 'भ्रमण वर्ष-२०२०'लाई सफल पार्नको लागि नेपाल सरकार, गैरसरकारी संस्था र व्यक्तिहरु सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्नेबारे धारणा सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा बोल्दै पूर्वमन्त्री पण्डितले सो कुरा बताएका हुन् । उनले भने, 'भ्रमण वर्षलाई असफल पार्नको लागि एक खालको समूह लागिपरेको छ । ती समूहलाई रोक्नको लागि सरकार प्रतिबद्ध र कटिबद्ध छ ।'

वर्तमान सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' नारालाई साकार पार्नको लागि त्यहीअनुसार काम गरिरहेको पनि पूर्वमन्त्री पण्डितले विश्वास दिलाए । उनले नेपाल पर्यटनको सम्भावना बोकेको देश भएकोले प्रत्येक नागरिक र सरोकारवालाहरुले भ्रमण वर्षलाई प्रोत्साहन गर्नुपर्ने स्पष्ट पारे ।

उनले भने, 'नेपाल एउटा सुन्दर मुलुक हो । नेपाल भ्रमणको लागि विश्वमै उपयुक्त गन्तव्य हो भन्ने सन्देश हामीले विश्वभरि नै फैलाउनुपर्छ ।' उनले भ्रमण वर्ष सफल पार्नको लागि प्रेम पूर्ण प्रताप फाउण्डेशन नेपालले महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा समेत गरेका थिए ।

त्यस्तै, फाउण्डेशनले ब्राण्ड एम्बासडरको रुपमा अघि बढाएका 'नेपाली माईकल ज्याक्सन' को उपनामले चिनिने कलाकार रेवन सापकोटाले गरेका कामको समेत पण्डितले प्रशंसा गरेका थिए । कार्यक्रममा हाँस्यकलाकार श्रीकृष्ण सिम्खडाले कलाकारहरुको माध्यमबाट भ्रमण वर्ष सफल पार्नको लागि देशव्यापी रुपमा कार्यक्रमहरु भइरहेको सुनाए ।

फाउण्डेशनका अध्यक्ष शिवजी प्रधानले आफूहरुको मुख्य लक्ष्य भनेको नेपाल सरकारले घोषणा गरेर अघि बढाएको 'भ्रमण वर्ष-२०२० ' लाई सफल तुल्याउन भूमिका खेल्ने र कलाकार सापकोटालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरमा अघि बढाउनु रहेको सुनाए । कलाकार रेवन सापकोटाले नेपाल सरकारले सुरु गरेको भ्रमण वर्षलाई सफल तुल्याउनको लागि त्यसको प्रचारप्रसारमा आफू विभिन्न देशसमेत पुगेको सुनाए । उनले नेपालमा पनि देशव्यापी रुपमा आफू अभियानमा हिँडिरहेको सुनाए ।

## छोरी बीमा रकममा वृद्धि

**जनकपुर/मस-** प्रदेश नं २ सरकारले छोरीलाई दिँदै आएको बीमा रकममा वृद्धि गरेको छ । सरकारले गत वर्ष माघ १ गतेदखि प्रदेशमा जन्मेका छोरीलाई रू एक लाखको बीमा रकम दिँदै आएकामा आजदेखि उक्त रकममा वृद्धि गर्ने निर्णय गरेको हो ।



मुख्यमन्त्री लालबाबु राउतले शुक्रबार पत्रकार सम्मेलन गरी मन्त्रिपरिषद्को बैठकले प्रदेशमा जन्मिने छोरीको बीमा रकम वद्धि गरी रु तीन लाख पुर्‍याइएको जानकारी दिए । उनले प्रदेश सरकारद्वारा गत वर्ष फागुन ९ गतेदखि राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा वीरगञ्जबाट थालनी गरिएको सो योजनाअन्तर्गत चार हजार ३७३ छोरीलाई बीमा रकम उपलब्ध गराइएको बताए ।

उनले विगतमा प्रदेशबाट सो रकम दिँदै आएकामा अबदेखि स्थानीय तहबाटै उपलब्ध गराउने निर्णयसमेत भएको जानकारी दिए। उनले प्रदेश सरकारले उपलब्ध गराउने रकममा स्थानीय तहलाई थप वृद्धि गरी रु छ लाख पुर्‍याउन आग्रह गर्ने पनि बताए । लैङ्गिक विभेद र छोरीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने उद्देश्यले सो योजना थालनी गरिएको बताउँदै मुख्यमन्त्री राउतले आगामी दिनमा कक्षा १ देखि ८ कक्षामा पढने दलित र मुस्लिम समुदायका छोरीलाई छात्रवृत्ति प्रदान गर्ने योजना रहेको समेत बताए ।

'बेटी पढाउ, बेटी बचाउ' योजनाअन्तर्गत १४ हजार साइकल वितरण गरिएको जानकारी गराउँदै उनले आगामी दिनमा १० हजार साइकल वितरणका लागि गृहकार्य भइरहेको बताए। मुख्यमन्त्री राउतले मन्त्रिपरिषद्ले प्रादेशिक अस्पताल जनकपुरलाई प्रदेश आयुर्वेद स्वास्थ्य प्रतिष्ठानमा परिणत गर्नुका साथै शहीदको सम्मानमा मधेश शहीद प्रतिष्ठान गठन गर्ने निर्णय गरिएको पनि जानकारी दिए ।

## प्रदेश नं ५ मा ४८ विधेयक पारित

बुटवल/मस- हालसम्म ५१ विधेयक दर्ता भएकोमा प्रदेश नं ५ को प्रदेशसभाले अहिलेसम्म ४८ विधेयक पारित गरेको छ । प्रदेशसभा स्थापना दिवसका अवसरमा शुक्रबार बुटवलमा प्रदेशसभा सचिवालयले आयोजना गरेको पत्रकार भेटघाटमा सो जानकारी दिइएको हो । प्रदेशसभाको पहिलो अधिवेशनले चार विधेयक पारित गरेको थियो। कूल १७ दिन चलेको सभामा २२ बैठक बसेको थियो । बैठकको अवधि कूल २० घण्टा २ मिनेट थियो । दोस्रोले ११ र तेस्रो अधिवेशनले सबैभन्दा बढी २३ विधेयक पारित गर्‍यो ।

प्रदेशसभाको चौथो अधिवेशनले १० विधेयक पारित गरेको छ। जम्मा ३१ दिनमा कूल ४९ घण्टा ४१ मिनेट बैठक बसेको थियो । त्यस अवधिमा ३२ पटक बैठक बस्यो । पाचौं अधिवेशनमा वातावरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दर्ता भई सभामा पेश हुने क्रममा रहेको छ । अहिलेसम्म दुईपटक बैठक बसेको सभाको समयावधि ५३ मिनेट रहेको छ । 'प्रदेशसभाको विजनेश छ तर विधेयकको कमी छ,' प्रदेश नं ५ का प्रदेश सचिव दुर्लवकुमार पुनले भने ।

उनले प्रदेशसभाबाट निर्माण भएका कानूनको मूल्यांकन र निगरानी गर्ने समय आएको उल्लेख गर्दै विधेयकको कार्यान्वयन के भइरहेको छ अध्ययन गर्न आवश्यक भएको बताए ।


साउदीमा रोजगार | कम्पनी: MANAR AL ESKAN TRADING & CONTRACTING COMPANY
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७६/०९/१८ चलानी नं.: ६०१४९५४२ L.T. No.: 230566

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder Labour | 70 | 0 | स. काममा दक्ष | 1200 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय धोबिघाट, ललितपुरमा माघ २६ गते (9 Feb. 2020) मा हुनेछ ।

